सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७८/०७९

## छात्रवृत्ति आवेदन दिने सम्बन्धी सूचना !!!

**प्रकाशित मितिः २०७९।०४।२६**

यस सरावल गाउँपालिका, ABC नेपाल र स्ट्रोम फाउण्डेशनको सहकार्यमा सञ्चालीत "ALUMNI" परियोजना अन्तर्गत यस गाउपालिकासंगको समन्वयमा गाउँपालिका अन्तर्गत रहेका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई (प्राविधिक र अप्राविधिक) धारमा छात्रवृत्ति प्रदान गरिने भएकाले तोकिएको आधार र मापदण्ड पुरा गरेका किशोर किशोरीहरुलाई १५ दिन भित्र अनलाईन माध्यमवाट लिन्कबाट https://docs.google.com/forms/d/e/1FAIpQLSfKnfjUFAOo3LFD5I_f2UY6cdKWG7Mtn2spVCKxkwId-wKrYg/viewform फारम भरी दरखास्त पेश गर्नुहुन जानकारी गराईन्छ ।

प्राबिधिक तर्फ छात्रवृत्ति प्रदान गरिने विषयहरु

- स्टाफ नर्स
- जेटिए (पशुपंक्षी र कृषि विकास)
- स्वस्थ्य सहायक
- ल्याब प्राबिधिक
- भूमि प्राबिधिक (अमिन)
- आदि

अप्राबिधिक (सामान्य) विषयका लागि प्रदान गरिने छात्रवृत्ति

- अप्राबिधिक (सामान्य) विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई वार्षिक रुपमा सामान्य वा न्युनतम छात्रवृत्ति प्रदान गरिने छ । यस प्रकारको छात्रवृत्ति तीन तहको शिक्षकका लागि प्रदान गरिने छ । जसमा माध्यमिक तह, उच्च माध्यमिक तह र स्नातक तह रहेका छन् ।

छनौटका आधार र मापदण्ड

<u>आधारहरु</u>

- आवेदक ग्रेजुएट फोरम वा किशोर किशोरी नेटवर्क मध्य एउटाको सदस्य भएको हुनुपर्नेछ ।
- छात्रवृत्तिको कुल कोषको रकम कम्तिमा ८० प्रतिशत सम्वाद ग्रेजुएट फोरम वा किशोर किशोरी नेटवर्कका सदस्यहरुलाई प्रदान गरिनेछ । स्थानीय अवस्थाको बिष्लेषण गरी छात्रवृत्ति प्रदांन गर्न आवश्यकता देखिएमा २० प्रतिशत अन्य (सम्वाद कार्यक्रम भन्दा बाहिर) पनि प्रदान गर्न सकिनेछ । तर यसमा यथेष्ठ आधारहरुले पुष्टि गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प.सं. ०७८/०७९

(द्रष्टव्य यो खण्ड वा आधार सामान्य छात्रवृत्तिको सन्दर्भमा मात्र लागु हुनेछ)

- प्राबिधिक तर्फ आवेदकले छात्रवृत्ति प्राप्त गर्नका लागि प्राबिधिक शिक्षाको तोकिएको प्रवेश परीक्षा उत्तीर्ण गरेको वा अध्ययन गरिरहेको हुनुपर्नेछ ।

मापदण्डहरु

क. शैक्षिक यग्यता:

यो मापदण्डका लागि शैक्षिक ग्रेड प्रमुख आधार हुनेछ । यस अन्तर्गत आवेदकले ४० प्रतिशत अंक प्राप्त गर्ने छन् । यसको निर्धारण गर्न शैक्षिक प्रमाण-पत्रलाई आधार मान्न सकिने छ ।

ख. सामाजिक पक्ष:

यो मापदण्डले सामाजिक विविधताका पक्षलाई तीन क्षेत्रमा विभाजन गरेको छ ।

- उम्मेदवारको जात र जाति
- अपाङ्गता
- लैङ्गिक सामाजिक समावेशिकरण

यस मापदण्ड अन्तर्गत ३० प्रतिशत अंक छुट्याइएको छ ।

ग. आर्थिक पक्ष:

यो मापदण्डलाई तीन क्षेत्रमा विभाजन गरिएको छ ।

- आय श्रोत
- सम्पत्ति (जग्गा र सम्पत्ति)
- रोजगार स्थिति (आवेदक सदस्यहरु वा नजिकका नातेदारहरुको रोजगार स्थिति)

यस मापदण्डका लागि ३० प्रतिशत अंक छुट्याइएको छ ।

........................

०७९/०४/२५

दुर्गा पौडेल

प्रमुख प्रशासकीय अधिकृत